दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १४५ | बुटवल | २०८२ जेठ ०८, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday May.22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# अब ओभरलोड बन्द, भन्सार विन्दुमै भारमिलान

यो निर्णय कार्यान्वयन हुँदा नेपाली सडक, पुल पुलेसाको संरक्षण हुने र नेपाली ट्रक व्यवसायीको लगानी सुरक्षित हुने अपेक्षा छ।

**टिआर शर्मा**
*बुटवल*

बुटवल-नारायणघाट सडकको चोरमारास्थित गिरुबारी खोला पुलमा अघिल्लो सोमबार साँझ अधिक भारको ट्रकका कारण स्टिल ट्रसको पुलको बिचको स्पानको सुपर स्ट्रक्चर दब्न गयो । जसका कारण सो पुलबाट यातायात सञ्चालनमा रोक लगाइयो।

गत पुस २६ गते दिउँसो एन एल ०१ ए एच ५१७९ नम्बरको भारतीय नम्बर प्लेटको हेभी ट्रक कृष्णनगरबाट पूर्वतर्फ पास हुने क्रममा बुटवल-नारायणगढ खण्डको दुम्कीबासस्थित विनयी खोला पुल एक्कासी भाँचियो। त्यो पुल अझैंसम्म बनेको छैन।

कृष्णनगरबाट आएको उक्त भारतीय ट्रकले शिवम् सिमेन्ट उद्योगको लागि हेभी जेनेरेटर मेसिन बोकेको थियो। जुन भार नेपालका सडकको भारवहन क्षमताभन्दा अत्यधिक धेरै हो।

दुबै पुलबाट सवारी साधन आवत जावत गर्न नमिल्ने भएपछि डाइभर्सन बनाउनु परेको छ।

नेपाली ट्रक व्यवसायीहरुले ओभरलोड बोक्ने भारतीय ट्रकमा नियन्त्रण गर्न बारम्बार आन्दोलन गर्दै आए पनि सरोकारवाला निकायले बेवास्ता गर्दा माथिका दुई घटना जस्तै एकपछि अर्को नेपाली पुल र सडकमा क्षति हुने गरेको छ।

नेपाली ट्रक व्यवसायीहरुले एक दशकअघिदेखि ओभरलोड नियन्त्रणको माग गर्दै पटक-पटक आन्दोलन गर्दै आए पनि राज्यले सुनुवाइ गरेको थिएन । तर सिंगो नेपालकै लाइफलाइन मानिने पूर्व पश्चिम राजमार्गमा एक पछि अर्को पूलमा ओभरलोड गाडीले क्षति पुऱ्याएर आवागमन बन्द हुने अवस्था आएपछि बल्ल राज्यको ध्यान गएको छ।

सोही अनुसार अब मालवाहक ट्रकको ओभरलोड भन्सार विन्दुमै मिलान हुने भएको छ। मुख्यतः भारतीय ओभरलोड मालवाहक गाडीका कारण नेपालका सडक र पुलमा बारम्बार क्षति पुगेको यी घटनाले प्रहरी प्रशासनलाई ओभरलोड नियन्त्रण गर्न दबाब परेको थियो।

मंगलबार रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेको अध्यक्षतामा बसेको सरोकारवालाको बैठकले ओभरलोड मालवाहक



सवारी साधनहरुलाई भन्सार विन्दुमै भारमिलान गरेर मात्र नेपाल प्रवेश गर्न दिने निर्णय गरेको छ।

भारतीय गाडीलाई ओभरलोड बोक्न छुट दिँदा नेपालका सडक, पुलपुलेसाहरु भत्किने समस्या बढ्दै गएको र ट्रक व्यवसायीहरुले ओभरलोड नियन्त्रण गर्न माग गर्दै आएको हुँदा भारमिलानसम्बन्धी कानुनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए।

निर्णयको पूर्ण कार्यान्वयनका लागि यातायात व्यवस्था कार्यालय, बुटवल (सवारी), ट्राफिक प्रहरी कार्यालय र भैरहवा भन्सार कार्यालयले आपसी समन्वय एवं सहकार्य गर्ने निर्णयमा उल्लेख छ। साथै नेपाली नम्बर प्लेट भएका नेपालभित्र सञ्चालन हुने ढुवानीका सवारी साधनका हकमा समेत तोकिएको भार क्षमताभित्र मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउने भनिएको छ।

यसको लागि भैरहवा भन्सार कार्यालयमा तौल मेशीन रहने स्थानमा भैरहवा भन्सार कार्यालय, यातायात व्यवस्था कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, ढुवानी व्यवसायी संघबाट खटिएका एक एक जना प्रतिनिधिले निरीक्षण गरेर भारवाहन क्षमता भित्र रहेको सुनिश्चित गरेर मात्र सवारी साधन पास हुने व्यवस्था गरिने उल्लेख छ।

जिल्ला प्रशासन कार्यालयले भारमिलानसम्बन्धी गरेको निर्णय स्वागतयोग्य रहेको पश्चिमाञ्चल यातायात व्यवसायी समितिका अध्यक्ष टिकाराम गौतमले बताए। 'यो निर्णय कार्यान्वयन हुँदा नेपाली सडक, पुल पुलेसाको संरक्षण हुने र नेपाली ट्रक व्यवसायीलाई ढुवानीको काम वृद्धि भएर लगानी सुरक्षित हुने छ।'-गौतमले भने।

लुम्बिनी ट्रक यातायात व्यवसायी संघ रुपन्देहीले पनि ओभरलोड बोक्ने गाडीको भारमिलान गर्ने निर्देशनको स्वागत गरेको छ।

» बाँकी ३ पेजमा

## मधेशकेन्द्रित दलहरू भूमि विधेयकको विपक्षमा

बुटवल । मधेशकेन्द्रित दलहरू आबद्ध संघीय लोकतान्त्रिक मोर्चाले भूमिसम्बन्धी विधेयक गैर संवैधानिक भएको ठहर गरेको छ।

मोर्चाको बुधबार बसेको बैठकले संविधानको अनुसूची-६ अनुसार भूमि व्यवस्थापन र जग्गाको अभिलेख राख्ने अधिकार प्रदेशको रहेकोमा प्रदेशको क्षेत्राधिकार हस्तक्षेप गरी विधेयक ल्याइएको निश्कर्ष निकालेको छ। सरकारले संसदमा प्रस्तुत गरेको 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक' ले भूमिहीन र सुकुम्बासी समस्याको समाधान गर्न नसक्ने मोर्चाले जनाएको छ।

'रियल स्टेट कारोबारी, भू-माफिया, भूमि दलाल, भ्रष्टाचारी, वन तस्कर आदिलाई अत्यधिक लाभ पुग्ने गरी विधेयक ल्याइएको छ। यसबाट वनजंगल विनाश भई पर्यावरणमा संकट उत्पन्न हुने र जैविक विविधता नष्ट भई तराई/मधेश मरुभूमिकरण हुने, तराई/मधेशमा आन्तरिक बसाईँसराइका कारण अत्यधिक जनसंख्या वृद्धि भई भयावह स्थिति उत्पन्न हुनेछ' निर्णयमा भनिएको छ।

मोर्चाले उक्त विधेयक फिर्ता गर्न सरकारसँग अनुरोध गरेको छ।

जनमतको पार्टी कार्यालय मध्यबानेश्वरमा बुधबार बसेको बैठकले राष्ट्रिय गौरवका आयोजनाहरूका लागि आवश्यक बजेटको व्यवस्था गर्न सरकारसँग माग गरेको छ।

मोर्चाले हुलाकी सडक, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रको विस्तार तथा सञ्चालन, चुरे संरक्षण र बाढी नियन्त्रण, सिक्टा र बागमती कमला सिँचाइ आयोजनासहित मुख्य सिँचाइ आयोजनाहरू, त्रियुगा नहर पुनर्निर्माण, उत्तर-दक्षिण सडकलगायतका आयोजनामा पर्याप्त बजेट विनियोजन गर्न माग गरेको छ।

## पोखरा विमानस्थलको भ्रष्टाचार अख्तियारमा

बुटवल । संसदको सार्वजनिक लेखा समितिले पोखरा विमानस्थल निर्माणमा भ्रष्टाचार भएको निष्कर्षसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अनुसन्धान गर्न निर्देशन दिने निर्णय गरेको छ। करिब साढे ४ घन्टा लामो छलफलपछि लेखा समितिका सभापति ऋषिकेश पोखरेलले राजेन्द्र लिङ्देन नेतृत्वको उप-समितिको प्रतिवेदन, त्यो उप-समितिमा रहेका गोकुल बास्कोटा र तारा लामाको पुरक मतसहितको प्रतिवेदन ग्रहण गरेर त्यसलाई समेत अख्तियारमा पठाउने निर्णय गरेको जानकारी दिए।

उनले भने- 'प्रतिवेदनमा भएका विषयवस्तु हेर्दा १५ वटा मुलभूत प्रश्नहरू अघि सारेको देखिन्छ। यी प्रश्नहरूलाई निर्णयकै रुपमा समावेश गरेर हामीले अख्तियार पठाउने निर्णय गरेका छौं।

लेखा समितिमा निर्णय हुनुअघि सांसदहरूले प्रतिवेदनलाई ग्रहण गर्ने तरिका, लेखा समितिको नेतृत्व र अरु कार्यशैलीका बारेमा पटकपटक विवाद भएको थियो।

## निर्यात व्यापारमा सुधार, तर व्यापार घाटा उस्तै

बुटवल । निर्यात व्यापारमा सुधार भएको छ। चालु आर्थिक वर्ष (आव) २०८१/८२ को १० महिना (साउन-बैशाख) को अवधिमा २ खर्ब १७ अर्ब ९१ करोड १० लाख रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ। जुन हालसम्मको सर्वाधिक निर्यात हो। निर्यातमा सुधार आए पनि आयातको हिस्सा अधिक हुँदा व्यापार घाटा १० महिनामा १२ खर्ब ५६ अर्ब २७ करोड रुपैयाँ बराबर पुगेको छ। जुन अघिल्लो आवको यसै अवधिको तुलनामा ६.७२ प्रतिशत हो।

गत आर्थिक वर्षको १० महिनाको तुलनामा ७३ प्रतिशतले निर्यात बढेको हो।

यसअघि आव २०७८/७९ मा २ खर्ब ३ करोड रुपैयाँ बराबरको निर्यात भएको थियो। सो आर्थिक वर्षमा कुल वैदेशिक व्यापारले समेत कीर्तिमान राख्दै २१ खर्ब नाघेको थियो। आव २०७७/७८ मा १ खर्ब ४१ अर्ब रुपैयाँको वस्तु निर्यात गरेको नेपालले लगत्तैको आव २०७८/७९ मा ४१.७४ प्रतिशत धेरै अर्थात्: २ खर्ब बराबरको वस्तु निर्यात गरेको थियो। यस वर्ष भने १० महिनामै सो कीर्तिमान तोडिएको हो।

यस वर्ष १० महिनामा कुल १६ खर्ब ९२ अर्ब ९ लाख रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको छ। वैदेशिक व्यापारको वृद्धिदर १८.३७ प्रतिशत हुँदा निर्यात व्यापारमा ७२.७१ प्रतिशतको वृद्धि भएको छ।

त्यसले गर्दा कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा प्रतिशतमा समेत छलाङ मारेको देखिएको छ। वैशाखसम्म कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा १२.८८ प्रतिशत पुगेको छ। अघिल्लो आवको १० महिनामा यस्तो हिस्सा ८.८३ प्रतिशत थियो। निर्यातको हिस्सा ४५.९१ प्रतिशतले बढेको हो।

अघिल्लो आवको १० महिनामा वस्तु निर्यात १ खर्ब २६ अर्ब १७ करोड रुपैयाँ मात्र रहेको थियो। यस वर्ष ९१ अर्ब ७३ करोड ७५ लाख रुपैयाँले निर्यात बढेको हो। अघिल्लो आव २०८०/८१ को १२ महिना (वार्षिक) मा १ खर्ब ५२ अर्ब रुपैयाँ बराबरको मात्र निर्यात भएको थियो।

» बाँकी ३ पेजमा

गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं।
-पशुपंक्षी संरक्षण गरौं, वातावरण जोगाउन वृक्षारोपण गरौं।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं।
- स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं।
- सेवा प्रवाहमा रहेको कमी कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं।
- सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने गरौं।
- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं।
- फोहोरको उचित व्यवस्थापन गरौं।
-वातावरण जोगाउन वृक्षारोपण गरौं।
- खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने।

कमलप्रसाद भुसाल — प्रमुख प्रशासकीय अधिकृत
निर्मया तरामु — उपाध्यक्ष
टिकाराम पाण्डे — अध्यक्ष

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल



# सम्पादकीय

## समृद्धिको आधार वन : व्यवहारिक कार्यान्वयनका चुनौती

राजस्व स्रोतको खोजी गरिरहेको लुम्बिनी प्रदेश सरकारले वनलाई राजस्व वृद्धिको आधार मानेको छ। वनलाई प्रदेशको राजस्व वृद्धि र समृद्धिको प्रमुख आधार मान्दै नीति कार्यक्रम सार्वजनिक गरेको छ। वनलाई आम्दानीको स्रोत र समृद्धिको आधार मानेको सरकारले वनको बहु उपयोग गरी फाइदा लिन व्यवहारिक कार्यान्वयनका धेरै चुनौती पन्छाउँदै अघि बढ्नुपर्नेछ।

सरकारले विदेशबाट काठ आयात निरुत्साहित गर्न स्वदेशी काठको माग बढाउन प्रदेशभित्रका सरकारी भवन निर्माणमा स्वदेशी काठको अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाउने, सरकारी एवम् सार्वजनिक निकायमा स्वदेशमा उत्पादित काठबाट निर्मित फर्निचर प्रयोग गर्न प्राथमिकता दिने योजना अघि सारेको छ। यसअघि पनि विदेशी फर्निचर प्रयोग नगर्ने घोषणा गरिए पनि कार्यान्वयन फितलो भयो। आर्कषक नारा सुन्दा राम्रो लाग्ने तर कार्यान्वयन पक्ष फितलो हुने प्रवृत्ति हावी छ। सबै सरकारी कार्यालयमा स्वदेशी काठबाट बनेका फर्निचर अनिवार्य प्रयोगको नीति लिने हो भने स्थानीय उद्यमशिलताको विकासमा टेवा पुग्नेछ नै, स्वदेशी काठको व्यवस्थापन गर्न दबाब पर्नेछ। यसले सरकारलाई राजस्व संकलनमा लाभ पुग्नुको साथै रोजगारी श्रृजना हुन्छ।

लुम्बिनीमा कूल प्रदेशको भूगोलको ४३.७२ प्रतिशत अर्थात् ९ लाख ७४ हजार ३८१ हेक्टर वन क्षेत्र रहेको छ। लुम्बिनीमा करिब ५ लाख हेक्टर वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्न सकिने सरकारको आँकडा छ। सामुदायिक, साझेदारी र चक्ला वन गरी ४ हजार १४६ वटा वन छन्। ती मध्ये अहिले ३४६ वटा वनमा मात्र संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम लागू हुँदा वार्षिक करिब २ अर्ब राजस्व संकलन भएको छ। प्रदेशका ४ हजार १४६ वटा वनमध्ये ३४६ वटामा मात्रै संवर्द्धन प्रणालीमा आधारित व्यवस्थापन कार्यक्रम लागू भइरहँदा करिब २ अर्ब राजस्व संकलन भएको तथ्याङ्क छ। प्रदेशको वन मन्त्रालयका अनुसार, १५ सय वनमा यो कार्यक्रम लागू गर्ने हो भने वार्षिक ७ अर्ब राजस्व आम्दानी हुन्छ, जसको ५ अर्ब समुदायमा जान्छ, २ अर्ब प्रदेश सरकारको खुद आम्दानी हुन सक्छ।

लुम्बिनी प्रदेश वन निर्देशनालयका अनुसार प्रदेशमा हाल ८ लाख ५५ हजार ३३५ घन फिट काठ मौज्दात रहेको र यसको बजार मूल्य अनुमानित १२ करोड १७ लाख १८ हजार ९ सय २० रुपैयाँ छ। मौज्दात रहेको काठलाई प्रक्रियागत रुपमा बिक्री वितरण गर्न ढिलाइ गर्न हुन्न। भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको चैतसम्म भारत, चीन, मलेशियासहित ५१ देशबाट ४ अर्ब ७० करोड बराबरको काठ तथा काठजन्य पदार्थ आयात भएको छ। देशका विभिन्न डिभिजन वन कार्यालयहरूमा १७ लाख ८ हजार ५ सय ३६ घनफिट काठ मौज्दात छ। उक्त काठको मूल्य ६४ करोड ७० लाख ५५ हजार ३ सय ६७ रुपैयाँ हुन आउँछ। वनबाट ढलापडा काठ निकालेर सही व्यवस्थापन गर्ने हो भने आयात प्रतिस्थापन गर्न सकिन्छ।

नीति तथा कार्यक्रममा भनिएको छ-'वन व्यवस्थापनमा उपभोक्ता समूह तथा सरोकारवालाको सक्रिय सहभागितामा वन पैदावारको उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी सृजना गर्दै वन क्षेत्रलाई राजस्व वृद्धि र प्रदेश समृद्धिको प्रमुख आधारको रुपमा उपयोग र व्यवस्थापन गरिनेछ।' तर वनलाई समुदायसँग अझै जोड्न र उनीहरुलाई अपनत्व दिन आवश्यक छ। सामुदायिक वन उपभोक्ता समूह अहिले प्रदेश सरकारको कर नीतिप्रति असहमत छन्। तहगत सरकार सबैलाई कर तिर्न पर्दा समस्यामा परेको उनीहरुको गुनासो छ। सामुदायिक वन उपभोक्ता समूहलाई संरक्षणमा अपनत्व नदिई वनलाई उत्पादनको साधन बनाउन र लाभ लिन असंभव छ।

# सुशासनका लागि पारदर्शिता




**डा. बाबुराम दबाडी**

विधिको शासन अर्थात् सुशासनमा 'पारदर्शिता' एक मुख्य सूचक हो जसले लोकतन्त्रलाई बलियो बनाउँछ। जनताको चाहना र भावना अनुरूप पारदर्शी र छरितो शासन प्रणालीको रूपमा हामीले लोकतन्त्रलाई बुझेका छौँ तर २०४६ सालपछिको प्रजातन्त्र र १० बर्से माओवादी सशस्त्र विद्रोहसँगै २०६२/६३ को आन्दोलनपछिको पूर्ण लोकतन्त्रले पनि जनतामा विधिको शासनको अनुभूत गर्न नसकेको चरणबद्ध विभिन्न घटनाले देखाइरहेका छन्। नेपाल सरकारको पछिल्लो अध्यावधिक बेरुजु लगातार बढ्दै गएर बेरुजु रकम लगभग १२ खर्ब पुगेको छ। महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले सुशासन र वित्तीय अनुशासन कायम गर्न सार्वजनिक जवाफदेहिताका लागि आठ वटा पिलरहरू शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासन प्रस्तुत गरेको छ। उल्लेखित पिलरमध्ये भ्रष्टाचाररहित वित्तीय सुशासन व्यवस्थापनका लागि अति महत्वपूर्ण पिलर 'सूचना प्रविधि' सँग सम्बन्धित विषयमा यस लेखमा केही विश्लेशण गर्ने जमर्को गरिएको छ।

**मापदण्ड तथा नर्मस**

सूचना प्रविधि प्रणाली खरिदमा मुख्य यी दुई वटा बुँदाले बेग्लै उपयुक्त सूचना प्रविधि खरिद प्रणाली आवश्यक रहेको सङ्केत गर्छ। सूचना प्रविधिको विकास र प्रणाली (हार्डवेयर र नेटवर्क उपकरण र सफ्टवेयर) खरिदमा चुनौती रहेकाले हालको सार्वजनिक खरिद ऐन र नियमावलीले प्रबन्ध गरेको व्यवस्थाले सूचना प्रविधि प्रणाली खरिदलाई सम्बोधन गर्न नसक्ने हुँदा यो प्रणाली खरिदमा पछिल्लो समयमा भ्रष्टाचारका सङ्केत देखा परेको छ। नेपाल सरकारले यथाशीघ्र सूचना प्रविधि प्रणाली विकास, हार्डवेयर र नेटवर्क उपकरण खरिद र सफ्टवेयर प्रणाली खरिदको निर्दिष्ट कानुनी व्यवस्था गर्नुपर्ने भइसकेको छ।

**पहुँच, गोपनीयता र सुरक्षा**

द्रुत गतिमा विकास र परिवर्तित प्रविधिलाई आत्मसात् गर्दा सूचना गोपनीयता र सुरक्षा संवेदनशीलता प्रमुख चुनौतीको विषय हुने हुँदा यस सम्बन्धमा नेपाल सरकारले पछिल्लो समय नीतिगत व्यवस्थामा प्राथमिकता दिएको भए तापनि नीति निर्माणमै थुप्रै समय लगाएको देखिन्छ। साइबर सुरक्षा नीति, २०७९ को व्यवस्था भइसकेको र एआईसम्बन्धी अवधारणा पत्र, २०८० पनि आइसकेको भए तापनि सोको कार्यान्वयनमा तदारुकता देखाउनुका साथै सूचना प्रविधि तथा साइबर सुरक्षा ऐन, एआई नीति र रणनीति, डाटा सुरक्षा ऐन, सूचना प्रविधि प्रणालीमा पहुँच (लफुल इन्टरसेप्सन) जस्ता अति आवश्यकीय कानुन मसौदामा मात्र सीमित रहेकाले द्रुतगतिमा उक्त कानुन बनाउनुपर्ने देखिन्छ।

**सञ्चालन, मर्मतसम्भार र अद्यावधिक**

एकीकृत सूचना प्रविधि प्रणालीको विकास र सोको विकेन्द्रीकृत सेवा सञ्चालन तथा व्यवस्थापन आजको आवश्यकता हो। सार्वजनिक निकायले आआफ्नै तरिकाले प्रणाली खरिद गरी लागु गर्ने र सोको अन्तरआबद्धता नहुँदा आजनागरिकले एकै प्रकारका विवरण फरक फरक निकायमा पेस गरिरहेको अवस्था छ। नागरिकता, राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र, बैङ्किङ, सञ्चय कोष, सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष जस्ता निकायमा चाहिने विवरणमा सूचना व्यवस्थापनको एकीकृत प्रणाली र अन्तरआबद्धता छैन। साथै सञ्चालित प्रणालीमा विश्वास नहुँदा द्वैध प्रणाली जस्तै अनलाइन सेवा उपलब्ध गर्ने तर प्रमाणित गर्न भौतिक रूपमै लामो लाइनमा उपस्थित हुनुपर्ने अवस्थाले सेवाग्राहीलाई सास्ती भइरहेको अवस्था छ। कतिपय सूचना प्रविधि प्रणाली खरिद गरे तापनि सञ्चालनमा नआउनु मुख्य समस्याको रूपमा देखिएको हुँदा नयाँ एकीकृत प्रणाली विकास र पुराना प्रणालीमा अन्तरआबद्धता गरी सुरक्षित सेवा प्रवाहलाई ध्यान दिनुपर्ने छ।

**क्षमता विकास र स्थानीयकरण**

सूचना प्रविधि प्रणाली विकास, सञ्चालन र मर्मतसम्भारमा आपूर्तिकर्ता वा भेन्डरमाथि नै आश्रित हुनुपर्ने र आफ्नै क्षमतावान् जनशक्ति नहुँदा सेवा प्रवाहमा र गोपनीयता कायममा प्रत्यक्ष असर परिरहेको देखिन्छ। राज्यव्यवस्था प्रणाली विकेन्द्रीकृत भए तापनि प्रवाह गरिने कतिपय सेवा केन्द्रीकृत नै रहेको गुनासाहरू आएको सन्दर्भमा विकेन्द्रीकृत शासन प्रणालीलाई सूचना प्रविधि प्रणालीमार्फत् स्थानीय तहबाट सेवा प्रवाह गर्न सकिने हुनाले प्राविधिक जनशक्तिको निर्माण र परिचालनलाई विशेष ध्यान दिनुपर्ने हुन्छ।

**यन्त्र उपकरणको अभिलेख**

कतिपय निकायले सूचना प्रविधिको विकास र प्रयोगलाई प्राथमिकतामा राखे पनि सोको प्रयोग र सेवा प्रवाहमा पर्ने असरको विस्तृत अध्ययन नगरी साथै अवैज्ञानिक लागत अनुमानले गर्दा प्रणाली खरिद एकदम खर्चिलो भएको विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मुद्दा दर्ता हुँदा आरोपपत्रले पनि औंल्याएको देखिन्छ। यसरी विस्तृत अध्ययनबिना खरिद प्रक्रिया अगाडि बढाउने र उपकरणको कमजोर अभिलेखीकरण आदिले अनियन्त्रित रूपमा खर्च बढेको तर सोही अनुसारको सेवा प्रवाहमा प्रभावकारिता नदेखिएको विषयलाई सम्बन्धित निकायले गम्भीर रूपमा लिनुपर्ने देखिन्छ।

**एआईको प्रयोग र लाभ**

एआईसम्बन्धी नीतिनियम बन्दै गरेको अवस्था छ। सुपर एआईको युगमा मानवले सोच्न र गर्न सक्ने कार्य एआईले कैयौं बढी क्षमतासहित गर्न सक्ने अवस्थाले चुनौती पनि थपिने देखिन्छ। यस्तो अवस्थामा नेपालले एआईको उचित प्रयोग गर्न सक्ने सही क्षेत्रहरू पहिचान गरी गोष्ठी र सेमिनार केन्द्रितभन्दा पनि परिणाममुखी अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ। पछिल्लो समयमा साइबर सुरक्षा, एआई, डिजिटल नेपाल सम्बन्धमा थुप्रै गोष्ठी, सेमिनार भइरहेको देखिएता पनि अनुसन्धानमा आधारित नतिजामुखी कार्य खासै भएको देखिँदैन। नयाँ प्रविधिको वकालत गर्दै विभिन्न व्यक्ति र निकाय सक्रिय भए तापनि तात्विक रूपमा सम्बन्धित क्षेत्रका विज्ञबाट गहन अध्ययन र अनुसन्धानमा जोड दिन जरुरी छ।

**उत्तरदायी र जवाफदेही**

राष्ट्रसेवक कर्मचारीले प्रवाह गर्ने सेवामा उत्तरदायित्व र जवाफदेहितामा भन्दा सेवा सुविधा र नाफामूलक कार्यमा सक्रिय सहभागिता देखाउनुले पारदर्शिता र वित्तीय अनुशासन कायम गर्न चुनौतीपूर्ण देखिन्छ। तसर्थ क्षमतामा आधारित कार्यसम्पादन अनुरूप पारिश्रमिक र सेवा सुविधाको व्यवस्था गर्दै कर्मचारीलाई आफूले प्रवाह गर्ने सेवा र सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही बनाउन जरुरी छ।

**निष्कर्ष**

यसरी राज्य नियन्त्रतित निकायमा बढ्दै गएको भ्रष्टाचार र सुशासनको चुनौतीलाई राज्यको तल्लो निकायदेखि नै नियन्त्रण गर्नुपर्ने हुन्छ। हामी सूचना प्रविधि तथा एआईको युगमा छौं, तथापि प्रत्येक निकायमा पारदर्शिता कायम गर्नका लागि सूचना प्रविधिको प्रयोगलाई जुन प्राथमिकताका साथ अवलम्बन गर्नुपर्ने हो, सो देखिएको छैन। नीति नियम एकातिर कार्यान्वयन अर्कैतिर भइराखेको जस्तो अवस्था सबै सार्वजनिक निकायमा देखिन्छ। नेतृत्वले समाजमा तीव्र राजनीतिक ध्रुवीकरण ल्याउँदा विधि पद्धतिभन्दा राजनीतिक सामीप्यताको आधारमा सबै निकायमा सूक्ष्म व्यवस्थापन हुनाले क्षमता र कार्यसम्पादनमा अब्बलहरू पछाडि पारिँदै जानुले संस्थाको सेवाप्रवाह क्षमतामा प्रश्न उठेको छ भने पारदर्शिता र वित्तीय अनुशासन कायम राख्न चुनौती देखिएको छ।

सार्वजनिक निकायमा नेतृत्व प्राप्त गर्ने पदाधिकारीहरूले नीति नियम अनि विधि पद्धतिभन्दा व्यक्तिगत र सङ्कुचित सामूहिक स्वार्थलाई प्रथम प्राथमिकतामा राख्दा त्यस्ता संस्थाहरूमा पारदर्शिता हराएर जाने छ, फलस्वरूप सुशासन कायम गर्न मुस्किल हुने छ र भ्रष्टाचार मौलाउने छ। केही व्यक्तिको भ्रष्ट प्रवृत्तिले पूरै संस्थाको सार्वजनिक छविमाथि प्रश्न उठेका छन् भने राम्रा राष्ट्रसेवक कर्मचारीले आफ्नो सार्वजनिक छविलाई आहुति दिनुपर्ने अवस्था छ। भ्रष्टाचाररहित स्वच्छ समाज निर्माण गर्न र पारदर्शिता कायम राख्न साना र ठुला सबै सार्वजनिक निकायका नेतृत्व चयनमा उपयुक्त विधि पद्धतिको व्यवस्था गर्नु पर्छ र संस्था सञ्चालनको जिम्मा लिएका प्रत्येक नेतृत्वले पारदर्शिता कायम राख्न सक्नु पर्छ। सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई अनिवार्य गर्दै प्रत्येक निर्णय प्रक्रियामा सार्वजनिक पृष्ठपोषण र गुनासोलाई ध्यानमा राखी पारदर्शी निर्णय लिनु पर्छ। गोपबाट

# धार्मिक पर्यटकीय गन्तव्य बन्दै मालिका मन्दिर



गुल्मी। मुसिकोट नगरपालिका-६ स्थित कुर्घाको मालिका मन्दिर धार्मिक पर्यटकीय गन्तव्य बनेको छ। पछिल्लो समय मन्दिर पुनःनिर्माण गरिएसँगै यहाँ आउने भक्तजन एवं पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ।

पौराणिक महत्व बोकेको मालीका मन्दिर परिसर वरपर देखिने सुन्दर दृश्यले पर्यटकलाई लोभ्याउने गरेको छ। मालिका मन्दिरमा वर चिच्याएर माग्नुपर्दछ। यहाँ विषेश पर्वहरुमा श्रद्धालुहरुको घुइँचो लाग्छ। यहाँ दर्शन एवं पूजाआजा गर्न गुल्मीलगायत अर्घाखाँची, बागलुङ, प्यूठान, बुटवल, काठमाडौंलगायत ठाउँबाट श्रद्धालुहरु आउने गरेका छन्। ज्ञमालिका मन्दिरमा वर मागे र भाकल गरेपछि मनले चिताएको कुरा सबै पूरा हुन्छ भन्ने जनविश्वास छ। भाकल गरेपछि परेवा उडाउने र बली दिने प्रचलन छ।

मन्दिर नजिकैको ठूलो चट्टानबाट निस्किएको पानीको मूल यस मन्दिरमा पुग्नेहरुका लागि थप सुन्दर र आकर्षक मानिन्छ। सानो पानीको कुण्डमा रङ्गिबिरङ्गी माछाहरु तैरिरहेको दृश्यले त्यहाँ पुग्ने जोकोहीको मन लोभ्याउँछ। मालिका मन्दिरमा बैकुण्ठ चतुर्दशी एवं कार्तिक शुक्ल चतुर्दशीमा हजारौं भक्तजनको घुइँचो लाग्ने स्थानीय ज्ञानहरि सापकोटाले बताए।

मालिका क्षेत्रमा किम्मु, बर र सिमलका रुखहरु रहेका र तिनै रुखको फेदमा माल्या श्री नामका ऋषिले तपस्या गरेको भन्ने किम्बदन्ती छ। उक्त क्षेत्रमा प्रशस्त मात्रामा वनजङ्गल रहेकाले जङ्गली जनावर र चराचुरुङ्गीको बासस्थान रहेको छ। पानीको हाहाकार भएपछि त्यसै समयमा देवी प्रकट भएर वरदान मागभन्दा माल्याश्री ऋषिले पानीको अभावले प्राणीहरुले दुःख पाएको भनेर पुकार गरेपछि देवी मालीका भगवती प्रसन्न भएर मन्दिर परिशरमा जलकुण्ड निकाली जीवन रक्षा गरेको भन्ने पौराणिक मान्यता छ। चट्टानको बीचमा सानो जलकुण्ड छ। यहाँ साउन र माघ महिनामा बली चढ्दैन।

मन्दिर नजिकै स्वाँरामा होमस्टे (घरबास) सञ्चालन गरिएको छ। मन्दिरबाट फर्केपछि दर्शनार्थीहरु होमस्टेमा बास बस्नुका साथै रैथाने बस्तुका विभिन्न परिकारको स्वाद लिने गरेका छन्। मालिका क्षेत्रको विकासका लागि मुसिकोट नगरपालिकाले सडक, खानेपानी, मन्दिर पुनःर्निमाण, व्यवस्थापन लगायतका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको नगरप्रमुख जीवलाल खरेलले बताए।

# चितवनलाई पर्यटकीय राजधानी घोषणा गर्न माग

चितवन। चितवनलाई पर्यटकीय राजधानी वनाउन माग गरिएको छ। जिल्ला समन्वय समितिको अगुवाईमा यहाँका सात पालिकाले जिल्लालाई पर्यटकीय राजधानी वनाउन आग्रह गरेका हुन्।

जिल्ला समन्वय समिति चितवनको प्रमुख नारायणप्रसाद अधिकारीका अनुसार सात पालिका र सरोकारवालाको बैठकले जिल्लालाई पर्यटकीय राजधानी वनाउन अनुरोध गरेसँगै आँफूले पहल थालेको जानकारी दिए। उनले भने-"आज हामी बागमती प्रदेशका मुख्यमन्त्रीलाई औपचारिक रूपमा आग्रह गर्दै छौं।" जिल्लाका सात पालिकाका प्रमुख एबं प्रतिनिधि, निजी क्षेत्र, पर्यटन व्यवसायी, पर्यटन विज्ञ तथा सरोकारवालाले बागमती प्रदेश सरकारलाई पर्यटकीय राजधानी घोषणाको लागि सिफारिस गर्ने निर्णय गरेको हो।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले सफारी पर्यटनको दृष्टीले विश्वकै उत्कृष्ठ गन्तव्य चितवन पर्यटकीय राजधानीका लागि उपयुक्त हुने बताइन्। भरतपुर महानगरपालिकाले गत वर्षलाई भ्रमण वर्ष २०२४ को रूपमा मनाएको थियो।

रत्ननगर नगरपालिकाका प्रमुख प्रलाद सापकोटाले चितवन सबैभन्दा धेरै पर्यटकीय गतिविधि हुने जिल्ला भएको बताए। चितवन राष्ट्रिय निकुञ्जमा रहेको जैविक विविधता, दुर्लभ वन्यजन्तुको अवलोकन, अध्ययन तथा अनुसन्धानका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटक यहाँ आउने गरेको उनी बताउँछन्।

सरकारको १०० गन्तव्यमा २० हजार ताल, पटिहानी र सोमेश्वर गढी सूचिकृत छन् भने उत्कृष्ट गन्तव्यमा मेघौलीलाई समावेश गरिएको छ।

पर्यटन विज्ञ विश्वराज सुवेदीले पर्यटनको राजधानी लागि प्रकृति, साँस्कृति, धार्मिक र साहासिक पर्यटकीय गन्तव्य, सहज पहुँच, प्रयाप्त आवस सुविधा, पर्यटक सूचना केन्द्र तथा आवश्यक पूर्वाधार भएकाले पर्यटकीय राजधानी घोषणा गर्न योग्य रहेको औंल्याए।

कृषि केन्द्र गुल्मीको अनुरोध

स्थानीय सम्भावनात्मको आधारमा उत्पादनशील कृषकहरुको प्राविधिक व्यवसायिक तथा संस्थागत अभिवृद्धिका साथै उनीहरुको अधिकार सुनिश्चित गर्दै उत्पादन र बजारीकरणलाई नाफामूलक गराउने र बाजो तथा सिमान्त जीवन विशेषत राहत पहाडी तथा भिरालो धरातलको संरक्षण तथा उत्पादकत्व वृद्धिका लागि सदुपयोगको सिद्धान्त अनुसार बहुउपयोगी एवम् उच्च मूल्य बाली सहितको कृषि प्रणालीको प्रवर्धन गर्ने कृषि केन्द्र गुल्मीको रणनीति रहेको छ।

कृषि ज्ञान केन्द्र, गुल्मी
रेसुङ्गा नगरपालिका–८, तम्घास गुल्मी



**मह प्रशोधन गरिँदैः**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ स्वाँतको छहरेभिरबाट निकालिएको मह छान्नोमा राखेर प्रशोधन गरिँदै । आधुनिक उपकरणको अभावमा निगालोको छोयाबाट बनाएको छान्नोमा राखेर मह प्रशोधन गर्दै आएका छन् । तस्विर सन्तोष गौतम/रासस

# बागलुङमा आन्तरिक पर्यटकको आगमनमा वृद्धि

गलकोट । न्यून विदेशी पर्यटक भित्रने बागलुङमा आन्तरिक पर्यटकको आगमन भने ह्वात्तै बढेको छ। पछिल्लो समय अध्ययन, अवलोकन भ्रमण र तीर्थयात्राका नाममा बागलुङ आन्तरिक पर्यटकको गन्तव्यका रुपमा विकसित भएको हो ।

प्रसिद्ध धार्मिकस्थल बागलुङ कालिका, पञ्चकोट तथा शालग्राम सङ्ग्रहालय परिसरमा आन्तरिक पर्यटकका सयौँ सवारी साधन देखिने गरेका छन् । पर्यटक बढेपछि कालिका मन्दिर परिसरमा पार्किङ् व्यवस्थापनमा पनि हम्मे पर्न थालेको छ। नेपालकै सबैभन्दा लामो झोलुङ्गे पुल, भैरवस्थान मन्दिर, गाईघाट झरना र ढोरपाटन सिकार आरक्ष पुग्ने पर्यटकमा समेत वार्षिक रुपमा वृद्धि भएको छ ।

विराटनगर र पोखराबाट शैक्षिक भ्रमण, देशका विभिन्न भागका श्रद्धालु तीर्थयात्रीका रोजाइमा बागलुङका धार्मिक एवं पर्यटकीय गन्तव्यहरु पर्न थालेका छन् । हरेक दिन धार्मिक पर्यटकीयस्थल पञ्चकोट तथा बालाजीधाम मन्दिर कुडुँलेस्थित शालग्राम सङ्ग्रहालयमा देशका विभिन्न स्थानबाट घुम्न आउनेहरूको लर्को लाग्न थालेको छ । गत वर्ष एक लाखभन्दा बढी पर्यटकले शालग्राम सङ्ग्रहालयको दर्शन गरेका स्थानीय अर्जुन सापकोटाले जानकारी दिए । उनले नयाँ वर्ष २०८२ को पहिलो दिन कुडुँलेको शालग्राम शिलामा अहिलेसम्मकै धेरै पर्यटक आएको बताए । उनले चैते दसैँयता विद्यालय तथा क्याम्पसले विद्यार्थीलाई शैक्षिक भ्रमणका लागि विभिन्न स्थानमा लैजाने गरेकामा अधिकांश पोखरा क्षेत्रबाट भ्रमणका लागि यहाँ आएको बताए । "नयाँ वर्षमा आन्तरिक पर्यटकका कारण शालग्राम सङ्ग्रहालयमा टेक्ने ठाउँ थिएन, त्यसयता बिदाको समयमा आन्तरिक पर्यटकको भीड नै लाग्ने गरेको छ, सदरमुकामबाट जम्मा चार किमीमा रहेको सङ्ग्रहालय अवलोकनका लागि आउने ५० प्रतिशत पर्यटक मुस्ताङसमेत पुग्ने गरेका छन् ।"-उनले भने ।

कालिका गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काका अनुसार कालिका मन्दिरलगायत बागलुङ नगरपालिका आसपासका पर्यटकीयस्थलमा मुक्तिनाथ हिँडेका तथा शैक्षिक भ्रमणका लागि पर्यटक आउनेक्रम वृद्धि भएको छ । चैतेदसैँ र वडादसैँमा भीड हुने कालिका मन्दिरमा नयाँ वर्षसहित अन्य दिनमा पनि भीड लाग्न थालेको छ। चैतेदसैँयता छ लाख पर्यटक भित्रिएका छन् ।

पर्यटनका हिसाबले बागलुङ राम्रो भन्ने सुनेर सातदिने शैक्षिक भ्रमणका क्रममा एक दिन बागलुङलाई छुट्याएर आएको हेटौँडाका राम मर्हजनले जानकारी दिए । उनले बागलुङको पञ्चकोट, कुडुँलेको शालग्राम सङ्ग्रहालय र कालिका मन्दिर दर्शनका लागि आएको बताए । भ्रमण टोली पोखरा घुमेर बागलुङ हुँदै म्याग्दी र मुस्ताङ जाने योजना रहेको उनले जनाए ।

मुस्ताङ हिँडेका पर्यटकलाई बागलुङका पर्यटकीय गन्तव्यले आकर्षित गर्न थालेको पर्यटन व्यवसायी बताउँछन् । शैक्षिक भ्रमण तथा घुम्न आउने पर्यटकका कारण बागलुङका होटल यात्रीले भरिएका व्यवसायी अर्जुन चोखालले बताए । नेपालका सय पर्यटकीय गन्तव्यको सूचीमा पञ्चकोट र बागलुङ कालिका समावेश हुनु तथा पर्यटन व्यावसायीको सक्रियताले बागलुङमा आन्तरिक पर्यटकको आगमन बढेको हो ।

# रामग्राम प्याब्सनबिच मेयर छात्रवत्ति कार्यक्रमको सम्झौता




नवलपरासी । रामग्राम नगरपालिका र रामग्राम प्याब्सनबिच मेयर छात्रवृत्ति कार्यक्रमको सम्झौता पत्रमा हस्ताक्षण गरिएको छ ।

स्थानीय सरकारले निजी क्षेत्रसँगको साझेदारिलाई अगाडि बढाउने लक्ष्यका साथ सम्झौता गरिएको हो ।

नवलपरासी पश्चिम रामग्राम प्याब्सनले वार्षिक रुपमा २ सय ५० जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने रामग्राम प्याब्सनका अध्यक्ष वलीराम यादवले बताए । सम्झौता अनुरुप रामग्राम नगरपालिकाले विद्यार्थी छनोट गर्ने र प्याब्सनमा आबद्ध २४ अध्यापन गराउने छन् ।

१३ जना विद्यार्थीले एउटा विद्यालयमा अध्यापन गर्नेछन् । ४ देखि ११ कक्षासम्मका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

रामग्राम नगरपालिका र रामग्राम प्याब्सनले बुधबार पत्रकार सम्मेलनको आयोजना गरी उक्त सम्झौता पत्रमा हस्ताक्षण गरी सार्वजनिक गरेका हुन् । सम्झौता पत्रमा रामग्राम नगरपालिकाका नगरप्रमुख र रामग्राम प्याब्सनका अध्यक्ष वलिराम यादवले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् ।

छात्रवृत्ति कार्यक्रममा गरिब, ललित, शहिद परिवार, खेलमा उत्कृट खेलाडी, कमजोर आर्थिक अवश्ता रहेकाहरुलाई प्राथमिकता दिने रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले बताए ।

स्थानीय सरकार र निजी क्षेत्रबिचको मेयर छात्रवृत्ति कार्यक्रमका पहिलो भएको रामग्राम नगरपालिकाका शिक्षा शाखा प्रमुख सुन्दर खनालले बताए । छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित बनाउन सात सदस्य रहेको कार्यदल समेत बनाइएको छ ।

२ सय ५० जना विद्यार्थीहरुलाई अध्यापन गराउँदा वार्षिक रुपमा करिव १ करोड खर्च हुने रामग्राम प्याब्सनका अध्यक्ष बलिराम यादवले बताए । मेयर छात्रवृत्ति कार्यक्रम देशमै पहिलो कार्यक्रम भएको हुँदा यसको सफलताका लागि सबैको भूमिका अपरिहार्य रहेको रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले जनाए ।

नगरपालिकाले जनाताको सबैभन्दा नजिकको सरकार भएका कारण पनि निजी क्षेत्रको सझेदारिमा यस प्रकारका कार्यक्रमलाई महत्व दिएर अगाडि बढेको प्रमुख यादवले जानकारी दिए ।

यसैबिच केही दिन पहिले रामग्राम नगरपालिकाले नगरभित्रका आधारभूत तह उत्तीर्ण परीक्षा २०८१ मा ४ जीपीए तथा शतप्रतिशत उत्तीर्ण गराउने विद्यार्थी तथा विद्यालयलाई सम्मान गरेको थियो । नगरमा २ सामुदायिक र ४ संस्थागत विद्यालयले ४ जीपीए र २ सामुदायिक र १३ संस्थागत गरी १५ विद्यालयले शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएका थिए ।

आधारभूत तहमा ४ जीपीए ल्याउन सफल ७ विद्यार्थीलाई जनही ५ /५ हजार र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो भने शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल सामुदायिक विद्यालयका २ र निजीका १३ गरी १५ वटा विद्यालयका प्रधानाध्यापकहरुलाई दोसल्लाद्वारा सम्मान गरिएको थियो ।

**अब...**

भारतबाट नेपाल प्रवेश गर्ने मालवाहक ट्रकलाई भैरहवा भन्सार कार्यालय परिसर तथा रुपन्देही क्षेत्रका उद्योगहरुमा उत्पादित वस्तुहरु उद्योग परिसरमै ओभरलोड भार मिलान गर्न जेठ ६ गते रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले दिएको निर्देशन लुम्बिनी ट्रक यातायात व्यवसायी संघले स्वागत गरेको हो । विज्ञप्तिमा नेपाली ट्रक व्यवसायीहरुले काम नपाएर पलायन हुनु पर्ने अवस्थामा प्रमुख जिल्ला अधिकारीको निर्णयले व्यवसायीलाई राहत पुग्ने भन्दै ओभरलोड रोक्नसहयोग गर्ने प्रतिबद्धता जनाएको छ । मालवाहक सवारी साधनको भारवाहन नियमन सम्बन्धी निर्देशिका २०७४ को बुँदा नम्बर १० मा तोकिएको भारवाहन क्षमता भन्दा बढी भार बोकी आएका मालवाहक सवारी साधनले प्रचलित कानून अनुसारको जरिवाना गर्नुको साथै बढी भएको सामान भनसर विन्दुमा झारी सवारी धनिले नै त्यस्तो सामानको भण्डारणको ब्यवस्था मिलाउनु पर्ने उल्लेख छ।

नेपालका सडक र पुलको क्षमता अनुसार यो मापदण्ड निर्धारण गरिए पनि मालबाहक सवारी साधनले आफ्नो क्षमता भन्दा दोब्बर बढी भार बोक्ने गरेका छन् । भारतीय ट्रकले ९६ टनसम्म भार बोक्ने गरेका छन् । तर ट्राफिक प्रहरीले १ हजार ५ सय रुपैयाँ जरिवाना लिएर नेपाल भरि प्रवेशको स्विकृति दिने गरेको छ । 'वर्षौंदेखि ओभरलोड नियन्त्रण गर्न पटक-पटक आन्दोलन गरे पनि राज्यका निकायले बेवास्ता गर्दा यसअघि रुपन्देहीको घोडाहा, पश्चिम नवलपरासीको लोकाहा र यसपटक दुम्किबासको विनयी खोला र हालैमात्र चोरमाराको गिरुबारी खोलामा पुल भाँचिएको हो, बल्ल राज्यको ध्यान गएको छ,' ट्रक व्यवसायी महासंघ लुम्बिनी प्रदेश अध्यक्ष यमप्रसाद पाण्डेले भने-'अब निर्णय अक्षरशः कार्यान्वयन हुनुपर्छ ।'

मालवाहक सवारी साधन भारवहन नियमनसम्बन्धी कार्यविधि २०७१ (संशोधन २०७४) अनुसार मालवाहक सवारीले प्रस्थान विन्दु नजिक, मध्य बिन्दु र गन्तव्य नजिकको तौलपुलमा अनिवार्य रुपमा तिन पटक तौल गराई लोडसिट राखेर मात्र सवारी साधन सञ्चालन गर्नुपर्ने व्यवस्था छ । तर यो व्यवस्था पालना नभएको ट्रक व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष लोकराज पोखरेलले बताए । सरकारले निर्धारण गरेको मापदण्डअनुसार नेपाली सडकको बनावट र भारवहन क्षमता ४० टन मात्र रहेको छ। जसअनुसार ६ चक्के ट्रकले १० टन, १० चक्के ट्रकले १७ टन, १२ चक्के ट्रकले २१ टन र १४ चक्के ट्रकले २५ टन सम्म मात्रै लोड बोक्न पाउने र नेपाली सडकले भार थेग्न सक्ने पोखरेलले बताए । तर भन्सार प्रशासन र प्रहरी प्रशासनको उदासिनताले यो मापदण्ड भन्दा दोब्बर बढी भार बोकेका भारतीय गाडीलाई जरिवाना गराएर उन्मुक्ति दिइँदै आएको पोखरेलले बताए ।

मालवाहक सवारी साधन भारवहन नियमनसम्बन्धी कार्यविधि २०७१ (संशोधन २०७४) लागू भएको अवस्था र कार्यविधिको दफा २ को (झ) मा मालवाहक सवारी साधनले बोकेको सामानसहितको भार प्रमाणित हुने सम्बन्धित सरकारी निकायको वा नेपाल ट्रक यातायात व्यवसायी महासंघले सञ्चालन गरेका तौल पुलले जारी गरेको प्रमाणित कागजात अनिवार्य रुपमा लिएर हिंड्नुपर्ने व्यवस्था छ ।

तर भारतीय ओभरलोड ट्रकहरुले सो व्यवस्था उल्लंघन गरेका कारण नेपालका राष्ट्रिय राजमार्ग र पुल पुलेसामा क्षति हुनुका साथै दुर्घटना समेत हुने गरेको पोखरेलले जनाए ।

मालवाहक सवारी साधनको भारवहनसम्बन्धी निर्देशिका २०७४ (संशोधन सहित) अनुसार नेपालका सडकमा ट्रकको तौलसहित अधिकतम ४०.२ टन मात्र भार हुनुपर्छ ।

तर भारतीय ट्रकले क्षमताभन्दा दोब्बरसम्म बढी भार बोकेर गुड्ने गरे पनि राज्य पक्षले प्रभावकारी नियन्त्रण गर्न नसक्दा नेपालका पुल र सडकमा ठूलो क्षति पुगिरहेको उनले जनाए ।

**निर्यात...**

यस वर्ष १० महिनामा सर्वाधिक निर्यात भएका पहिलो ५ वस्तुमध्ये दुई वस्तु वनस्पति तेल रहेको छ। १० महिनामा सोयाबिन तेल निर्यात मात्रै ७८ अर्ब ७५ करोड ७० लाख ४४ हजार रुपैयाँ बराबरको भएको छ।

यस अवधिमा ३७ करोड ४० लाख ८६ हजार ३६८ किलोग्राम सोयाबिन तेल निर्यात भएको हो । दोस्रो नम्बरमा सनफ्लावर तेल रहेको छ। जुन ४ करोड ५७ लाख ७९ हजार २९ लिटर निर्यात भएको छ। यसको मूल्य १० अर्ब ९ करोड ४९ लाख ५८ हजार रुपैयाँ बराबर रहेको छ।

तेस्रो स्थानमा कार्पेट निर्यात रहेको छ।

१० महिनामा ८ अर्ब ८४ करोड रुपैयाँ बराबरको कार्पेट निर्यात भएको आँकडा छ। चौथो स्थानमा अलैँची रहेको छ। यसको निर्यात ६ अर्ब ६७ करोड रुपैयाँ बराबर रहेको छ। पाँचौं स्थानमा स्टील तथा आइरन रहेको छ । जुन ४ अर्ब ७९ करोड रुपैयाँ बराबर रहेको छ।

चैत मसान्तसम्म १ खर्ब ८८ अर्ब रुपैयाँको वस्तु निर्यात भएकोमा एक महिनामै २९ अर्ब रुपैयाँले बढेर २ खर्ब १७ अर्ब पुगेको तथ्यांक छ।

तर वनस्पति तेलमा अधिक निर्भर रहेर हुने निर्यात व्यापारलाई विज्ञहरूले भने यो दीगो निर्यात नहुने बताउंछन् । व्यापारविद् पुरुषोत्तम ओझाले कुल निर्यातको आधा हिस्सा नेपालमा उत्पादन नहुने, आयात गरी पुनः भारत निर्यात गर्ने वस्तुको रहेको भन्दै यसले निर्यात व्यापारमा दिगोपनमा प्रश्न रहेको बताउँछन् ।

तथ्यांक अनुसार नेपालले १० महिनामा वनस्पति तेल र यसको कच्चा पदार्थको आयात १ खर्ब २० अर्ब रुपैयाँ हाराहारी रकमको गरेको छ। त्यसमध्ये ९१ अर्ब रुपैयाँ हाराहारीको निर्यात भएको छ । यसबाट सोयाविन, सूर्यमुखी र पाम आयलको व्यापारबाट मुलुकले प्रत्यक्ष 'भ्यालु एड' प्राप्त गरेको नदेखिने ओझाले बताए ।

अर्जेन्टिना, मलेसिया, इन्डोनेसियाबाट ठूलो कन्टेनरमा नेपाल ल्याएर सानो प्याकेटमा भारततर्फ निर्यात गर्ने काम भएको भन्दै उनले यसले नेपालको रोजगारी, पुँजी विकास र अर्थतन्त्रमा समेत त्यति ठूलो योगदान नगर्ने स्पष्ट पारे । नेपाल आफ्नो प्रतिस्पर्धी क्षमता भएका वस्तुको निर्यात र मूल्य अभिवृद्धि बढी हुने वस्तुको निर्यात भए मात्र रमाउन सक्ने उनको तर्क छ।

## भुलसुधार

यही जेठ ६ गते प्रकाशित प्रदेशको नीति कार्यक्रम शीर्षकमा प्रकाशित सम्पादकीयमा प्रदेश प्रमुख कृष्णबहादुर घर्ती हुनुपर्नेमा अन्यथा भएकोमा क्षमायाचनासहित सच्चाइएको छ। सम्पादक

गुल्मी यातायातको अनुरोध

सफल र भरपर्दो याताको लागि हामीलाई सम्झनुहोस्
-सडकमा पानी नफालौं, अतिक्रमण नगरौं, निर्माण सामग्री नराखौं, जथाभावी फोहोर नगरौं ।
-सीमित गतिमा सवारी साधन चलाउने बानी बसालौं, बाल बच्चालाई सडकमा जथाभावी एक्लै नछोडौं ।
-छाडा पशुहरु जथाभावी सडकमा नछाडौं । यातायात आवगमनमा बाधा पुग्ने गरी सडक सीमामा निर्माण सामग्री नराखौं ।
- अस्थायी एवम् स्थायी प्रकृतिका संरचना निर्माण नगरौं ।

उत्तम बहादुर कुँवर (हिमाल) — महासचिव
रुपकलाल — अध्यक्ष

गुल्मी यातायात प्रा.लि.
रेसुङ्गा नगरपालिका-२, खानीगाउँ तम्घास गुल्मी

गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं । पशुपंक्षी संरक्षण गरौं,
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने गरौं ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- फोहोरको उचित व्यवस्थापन गरौं ।
-वातावरण जोगाउन वृक्षारोपण गरौं ।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
- स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

बुद्ध प्रकाश पौडेल — प्रमुख प्रशासकीय अधिकृत
विष्णुप्रसाद भण्डारी — उपाध्यक्ष
युवराज खत्री क्षेत्री — अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
● ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
● लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# ‘जनतासँग गरेको वाचाअनुसार नमूना काम गरेका छौँ’

*प्यूठान नगरपालिका वडा नं. ३ का वडाध्यक्ष सुमनराज श्रेष्ठ उमेरले हाल ३१ वर्षका युवा हुन् । २०६२, ०६३ मा मुक्ति मा.वि. रातामाटामा कक्षा ७ मा अध्ययन गर्दा विद्यालयमा बाल अखिल क्रान्तिकारी समितिमा आबद्ध भएका थिए । कक्षा १० मा अध्ययन गर्दाको बखत अखिल क्रान्तिकारी विद्यार्थी संगठनको जिल्ला कमिटी सदस्यको जिम्मेवारीबाट विद्यार्थी राजनीतिमा सक्रिय रूपमा सहभागी भएका हुन् । यसरी राजनीति यात्रा अघि बढाएका श्रेष्ठ २०६८ मा अखिल क्रान्तिकारी विद्यार्थी संगठनको जिल्ला अध्यक्ष, सोही विद्यार्थी संगठनको केन्द्रीय सदस्य, सचिवालय सदस्य, केन्द्रीय सचिव हुँदै उप-महासचिव समेतको जिम्मेवारी निर्वाह गरिसकेका छन् भने हाल ने.क.पा माओवादी केन्द्र प्यूठानको जिल्ला कमिटी सचिवालय सदस्यमा छन् ।*

*आफ्नो वडाभित्र विकास निर्माण तथा विभिन्न क्षेत्रमा अलि फरक एवं नयाँ योजनाका गतिविधिहरू सञ्चालन गर्दै आएका प्यूठान नगरपालिकाका नगरप्रवक्ता समेत रहेका श्रेष्ठसँग हामीले चुनावका बेला जनतालाई गरेका वाचा के कति पूरा भए ?, आगामी योजना, वडाले अघिसारेका कार्यक्रमहरू, आगामी राजनीतिक यात्रालगायतका विषयमा युवा वडाध्यक्ष सुमनराज श्रेष्ठसँग दैनिक लुम्बिनीका संवाददाता राधिका भुसालले गरेको कुराकानीको सम्पादित अंशः*



**सुमनराज श्रेष्ठ**

*नगरप्रवक्ता, प्यूठान नगरपालिका*

**» चुनावमा जनतालाई गरेका प्रतिबद्धताहरू के कति पूरा गर्नु भयो ?**

जब हामी चुनावी मैदानमा उत्रिँदै गर्दा प्यूठान नगरपालिका ३ विजयनगरका जनता समक्ष देख्ने, सुन्ने र महसुश गर्ने विजयनगर बनाउँछौं भनेर प्रतिबद्धता गरेका थियौं । सुखी समृद्ध वडा बनाउने जनतासँग गरेको वाचाअनुसार नै हाल काम गरेका छौं ।

**» वडाका जनताको अपेक्षाअनुसारको काम भएको छ ?**

निश्चय पनि अहिले जनताको अपेक्षा धेरै माथिबाट छ । खास गरी मैले वडा अध्यक्षको हैसियतबाट र वडा कार्यालयले विकास, सुशासन, रचनात्मक, मानवीय, विपतकालगायतका क्षेत्रमा स्थानीय सरकारको तर्फबाट गर्ने कामहरूमा हामी प्रतिबद्ध नै छौं । देशका धेरै स्थानीय तह र वडाहरूमध्ये विजयनगर अब्बल नै छ भन्ने लाग्दछ ।

**» यहाँको वडामा भएका नमूना कामहरू के-के होलान् ?**

मेरो कार्यकाल आधाआधी हुँदै गर्दा हामी थुप्रै नमूना कामहरू गरेका छौं । हामी निर्वाचित भएर आउनासाथ एउटा चार्ट बनायौं । वडाभित्रका भिराला सडकहरू जसलाई हामीले ज्यानमारा सडक भनेर नामाकरण गर्यौं । ती सडकहरूलाई फराकिलो बनाएका छौं । पक्की नाला बनाएका छौं । अब कालोपत्रेको प्रक्रियामा छन् । करिब एक दर्जन सडकलाई व्यवस्थित गरिसकेका छौं । खानेपानीको ८० प्रतिशत समस्या थियो, ५० प्रतिशत हल भयो बाँकी ३० प्रतिशत समाधान प्रक्रियामा छ । मूल अभावका कारण पूर्णरूपमा खानेपानी पुऱ्याउन समय लागेको हो, त्यसलाई वैकल्पिक विधि अपनाउँदैछौं । स्वास्थ्यको क्षेत्रमा पनि हाम्रो तहबाट गर्नुपर्ने काम गरिरहेका छौं ।

शिक्षा क्षेत्रको कुरा गर्दा प्यूठान नगरक्षेत्रभित्रका अभिभावकविहीन बालबालिका मुक्ति माध्यमिक विद्यालयका निःशुल्क आवसीय शिक्षा प्रदान गर्दै आएका छौं । हाम्रो वडाभित्रका ८ वटा विद्यालयहरू छन् । ती विद्यालयमध्ये केही विद्यालयमा कक्षा थप गर्दै स्तरउन्नति गराएका छौं । वडाका सबै विद्यालयमा शैक्षिक भौतिक र गुणस्तरीय शिक्षामा रूपान्तरण गरेका छौं ।

हामीले जिल्लामै पहिलो पटक सडक लाइट जडान गर्यौं । सडक टि.भी. राखेका छौं जुन प्यूठान जिल्लमै नमूना अभ्यास हो भन्ने लाग्दछ । विपन्न वर्गलाई लक्षित निःशुल्क टेलिफोन सञ्चालन गरेका छौं । वडाका मुख्य चोकहरूमा फ्रि वाइफाइ सञ्चालन गरेका छौं । त्यसैगरी सुरक्षा व्यवस्थालाई ख्याल गर्दै सिसि क्यामेरा जडान गरेका छौं । वडाबाट सुरु भएको सिसि क्यामेरा नगरपालिकाको प्राथमिकतामा पनि राखेका छौं । पर्यटनको क्षेत्रमा महान जनयुद्धको प्रतिकको रूपमा रहेको दैलेसिमलमा युद्धपर्यटकीय स्थल बनाएका छौं भने लव डाँडा पर्यटकीय स्थललाई व्यवस्थित गरिरहेका छौं । जुम्रीदेखि बस पार्कसम्मको सडकलाई एक वडा एक कालोपत्रे सडकको सुरु गरेका छौं । सिँचाइ तथा पुलपुलेसाको क्षेत्रमा पनि विशेष महत्वका साथ काम गरेका छौं । मेथीखोला जुम्रीखोला र भरंगामा स्टिल ट्रस पुल बजेनी, सातमुलेमा झोलुंगे पुल निर्माण, जुम्री खोला र मेथीखोलाका ठाउँ-ठाउँमा व्यवस्थित तटबन्धनको व्यवस्था गर्नु पनि हामीले गरेको महत्वपूर्ण कार्य हो । तसर्थ हामीले जनतालाई गरेको वाचाअनुसार नमूना ढंगले जनताकेन्द्रित काम गरेका छौं ।

**» यहाँ माओवादी केन्द्रबाट निर्वाचित जनप्रतिनिध हुनुहुन्छ, अन्य दलप्रति आस्था राख्ने जनतालाई कसरी सम्बोधन गर्नुभएको छ ?**

मेरो वडामा भुइ मान्छेहरूको प्रतिनिधित्व गर्ने पार्टी नेकपा माओवादी केन्द्रप्रति आस्था भएका जनताहरूनै धेरै हुनुहुन्छ । यद्यपी अन्य दलका नेता तथा कार्यत्रकर्तासँग समन्वय, सहकार्य र सुझावलाई हामीले अवलम्बन गर्दै आएका छौं । विजयनगरवासीको भावनालाई कदर गर्दै काम गर्ने सबैको जनप्रतिनिधि र भुइमान्छेको प्रतिनिधित्व गर्ने पार्टीबाट निर्वाचित भएकाले सबै दलमा आस्था र विचार राख्ने जनतालाई सम्बोधन गरेका छु । राजनैतिक सहकार्य गर्दै गर्दा सुशासन र क्रप्शनलाई हामीले कम्परमाइज गर्नु हुँदैन भनेर शून्य सहनशीलतालाई अगाडि बढाएका छौं ।

**» समृद्ध वडा बनाउने संकल्प पूरा गर्न कस्तो भूमिका निर्वाह गरिरहनु भएको छ ?**

हामी निर्वाचित हुँदै गर्दा जुन अपेक्षा थियो त्यो कुरा धेरै पूरा भइसकेको छ । विजयनगरवासी जनताले परिवर्तन महसुश गर्नेगरी काम गरेका कारण अहिले विजयनगरवासी जनसमुदायलाई आम जनताले हेर्ने कुरामा नयाँ उचाइ निर्धारण भएको छ । वडालाई समृद्ध र नमूना योग्य वडा बनाउने दौडानमा छौं । यो कुरा प्रति वडावासीहरू विश्वस्त हुनु भएको छ । अब केही सूचकहरू बाँकी छन्, आगामी दिनमा ती काम बाँकी कार्यकाल अवधिमा पूरा गर्नेछौं ।

**» नगरप्रवक्ता समेत हुनुहुन्छ, आम युवाहरूलाई समेट्न नगरपालिकाका के-कस्ता योजना छन् ?**

समग्र नगर क्षेत्र भित्रका युवाहरूलाई प्यूठान नगरपालिकामा कसरी टिकाउने, उनीहरूको भाग्य र भविष्यको निर्धारण सरकारको तर्फबाट कसरी गराउने भनेर योजना बनाइरहेका छौं । नीति तथा कार्यक्रमहरू बनाएर ती कार्यक्रमहरूलाई लागू गर्दैछौं । शिक्षालाई जोडेर लोकसेवाका कक्षाहरू सञ्चालन गरेका छौं । अबका युवालाई सरकारी सेवा र उद्यमशीलतामा प्रवेश गराएर स्वदेशमै स्वरोजगारको वातावरण सृजना गर्नेतर्फ हाम्रो सरकार केन्द्रित भएको छ । कृषि क्षेत्रमा ठूलो लगानी गरेर उत्पादन र बजारीकरणमा आधारित अनुदान, किसान पेन्सन कार्यक्रमलाई अझैं व्यवस्थित गर्दै आएका छौं । अन्य स्थानीय तहले युवाको क्षेत्रमा गरेका समृद्ध र नमूना योग्य कामहरूको प्यूठान नगरपालिकाले सिको गर्दै समग्र युवालाई समेट्ने कुरामा हामी विश्वस्त छौं । प्यूठान नगरपालिका अभिभावकविहीन स्थानीय सरकार हो । प्यूठानबाट प्रतिनिधिसभामा निर्वाचित माननीय सांसद मूर्ति नै हुनु भएको छ । प्यूठान नगरपालिकाको लागि उहाँबाट ठूलो अपेक्षा गरेका थियौं, तर उहाँले कुनै योजना नै बनाउन सक्नु भएन त्यसो भएको हुँदा स्थानीय सरकार एक्लैलाई अलि बढी दबाब परेको छ । अभिभावकविहीन सरकारको तर्फबाट हामी जे जति सक्छौ त्यति गर्नेछौं ।

**» अन्त्यमा केही भन्नु हुन्छ कि ?**

प्यूठान नगरपालिकालाई सुखी र समृद्ध नगरपालिका बनाउने अभियानमा हामी छौं । समृद्ध अभियानको मार्गनिर्देशन तयार भइसकेको छ, यो मार्ग निर्माणका लागि सबै नगरवासी जनसमुदायहरूलाई हातेमालो गर्दै सहयात्रा गर्नको लागि हार्दिक अपिल गर्न चाहान्छु ।

# चापाकोटमा ‘अफ्रिकन स्वाइन फिवर’



**प्रकाश डोटेल**

*स्याङ्जा*

यहाँका एक कृषकले पालन गर्दै आएको बंगुरमा ‘अफ्रिकन स्वाइन फिवर’ रोग भेटिएको छ । स्याङ्जाको चापाकोट-९ का कृषक दिपेन्द्र गहतराजले पालेको बंगुरहरुमा अफ्रिकन स्वाइन फिवर संक्रमण रहेको भेटिएको हो ।

गहतराज बहुउद्देश्यीय कृषि तथा पशुपालन फर्म सञ्चालन गरेका स्थानीय कृषक गहतराजले फर्ममा पालेका सबै बंगुर एकाएक मर्न थालेपछि चापाकोट नगर पशु शाखाले शंकाको आधारमा बंगुरको पोष्टमार्टम गरी नमूना परीक्षणका लागि केन्द्रीय पशुपंक्षी रोग अन्बेषण प्रयोगशालामा पठाइएको थियो ।

केन्द्रीय प्रयोगशालाले बंगुरहरुमा ‘अफ्रिकन स्वाइन फिवर’ संक्रमण देखिएको नतिजा पठाएपछि चापाकोटमा रोग देखिएको हो । ‘अफ्रिकन स्वाइन फिवर’ देखिएपछि चापाकोट नगरपालिकाले थप संक्रमण फैलिन नदिन जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्न र आन्तरिक ओसारपसार गर्न बंगुर पालक कृषकहरुलाई कडाइ गरेको छ ।

गहतराजले भाले बंगुर बाहिरबाट ल्याएकै कारण यो संक्रमण भित्रिएको चापाकोट पशु शाखाका प्राविधिक सहायक समीक्षा रोकायले अनुमान गरेको बताएकी छन् । प्राविधिक सहायक रोकायका अनुसार कृषक गहतराजले सञ्चालन गरेको फर्ममा ५ ओटा पोथी, एक भाले बंगुर र १७ ओटा साना बच्चासहित सबै ‘अफ्रिकन स्वाइन फिवर’ संक्रमणबाट मृत्यु भएको छ ।

कृषक गहतराजले स्याङ्जाकै गल्याङबाट भाले बंगुर ल्याएको खुलेको छ । यस विषयमा भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्रबाट टोली आएपछि थप अनुसन्धान हुने प्राविधिक रोकायले बताइन् । यो संक्रमण बंगुरमा मात्रै देखिने र यो रोग लागेपछि कुनै उपचार नहुने पशु चिकित्सकहरुले बताएका छन् ।

स्वास्थ्य कार्यालय गुल्मीको अनुरोध

- पानी जन्य रोगहरुबाट बच्न खानेकुराहरु र सरसफाई सुरक्षित पिउने पानी र सफा चर्पीको निरन्तर प्रयोग गरौं ।
-पन्ध्र महिनाको उमेर भित्रमा कुनै पनि खोप छुटेमा जतिसक्दो चाँडो पाँच वर्षको उमेर भित्रमा छुट खोपहरु पूरा गरौं ।
-बालबालिकालाई टाईफाई रोगहरुबाट बच्नको लागि पन्ध्र महिनाको उमेरमा खोप लगाऔं ।
-सधैं शुद्धीकरण गरेको पानी मात्र प्रयोग गरौं ।
- दिसा गरिसकेपछि खाना खानु अघि र बालबालिकाको दिसा धोएपछि साबुनपानीले हात धुने बानी बसालौं ।
-वर्षाको समयमा पानी छानेर वा उमालेर पिउने बानी बसालौं ।
-घरायसी व्यक्तिगत र वातावरणीय सरसफाईमा सबै जुटौं ।

स्वास्थ्य कार्यालय, गुल्मी
रेसुङ्गा नगरपालिका-८, तम्घास गुल्मी

गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

-भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
-स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- जन्म, मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा गरौ ।
-फोहोरको उचित व्यवस्थापन गरौं ।
-कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं । पशुपंक्षी संरक्षण गरौं,
-वातावरण जोगाउन वृक्षारोपण गरौं ।
-अनावश्यक घर बाहिर भिडभाडमा बढी नजाने ।
-खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
-सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
-रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

नरेश गिरी — प्रमुख प्रशासकीय अधिकृत
मञ्जुकुमारी दर्लामी — उपाध्यक्ष
बेद बहादुर थापा — अध्यक्ष

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

नियमित रुपमा स्वास्थ्य जाँच गरौं

नियमित स्वास्थ्य परीक्षण किन ?
-प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न ।
-पहिचान भएका रोगको समस्या नै रोकथाम तथा उपचार गर्न ।
-सम्भावित रोगको पूर्वानुमान गरी बच्न र बचाउन ।
-दीर्घ रोगबाट बच्न ।
-उपचार खर्च कम गर्न ।
त्यसैले
स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
-आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं ।
-स्वस्थ र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com